फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५२०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, ५ नं.प्रदेश, नेपाल**

### हलुका सवारी(कार जिप) चालकको नि:शुल्क प्रशिक्षण लिन ईच्छुक महिलाहरुलाई आवेदन दिने वारेको अत्यन्त जरुरी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७५।१२।१८)**

यस उप-महानगरपालिकाको आर्थिक सवलीकरण र सशक्तीकरणका माध्यमद्धारा घरभित्रै सिमित रहेका महिलाहरुलाई आर्थिक क्रियाकलापमा संलग्न गराई आर्थिक सशक्तिकरण गर्न जरुरी भएको सन्दर्भमा चालू आर्थिक वर्ष २०७५।०७६ का लागि नेपाल सरकारबाट साझेदारी विकास कार्यक्रममा प्राप्त विशेष अनुदान रकम मध्येबाट २५ जना महिलाहरुलाई हलुका सवारी चालकको प्रशिक्षण दिनुपर्ने भएकोले इच्छुक देहाय बमोजिम योग्यता पुगेका नेपाली महिलाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात २०७६ वैशाख २ गते भित्र निवेदनका साथ आवश्यक प्रमाण कागजातहरु संलग्न राखि यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपी ।
२. कम्तिमा ८ (आठ) कक्षा उत्तिर्ण गरेको पमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।
३. कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
४. तोकिएको भन्दा बढि संख्यामा आवेदन परेमा छनौट सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।
५. प्रकाशित सूचना यस कार्यालयको website: www.nepalgunjmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

**पुनश्च :**

१.लक्षित, आदिबासी जनजाती, मधेशी, मुस्लीम, दलित समुदायका महिलाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशाकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**
**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके**